कृषि तथा वन विज्ञान विश्वविद्यालय

पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१

फ्याक्स नं. : ०५६-५२६०१४

प.सं.

च.नं.

मितिः २०७९/११/१४

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको स्नातकोत्तर (Masters) तहको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७९/०८० का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय रामपुर, चितवनमा संचालन गरिने स्नातकोत्तर (Masters) तह अन्तर्गत निम्न विषयहरुमा भर्ना हुनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निम्न अनुसारको शर्त पालना गरी सूचनामा उल्लेख गरिए बमोजिम कागजपत्रहरु समावेश गरि रितपुर्वक आवदेन फारम भरी तोकिएको म्याद भित्र यस संकायको डीन कार्यालयमा बुझाउनहुन सम्वन्धित सबैलाई सूचित गरिन्छ । म्याद नाघि वा रित नपुगी प्राप्त हुन आएको आवेदन फारम उपर कुनै कारवाही गरीने छैन ।

**१. अध्यापन हुने विषयहरु, अधिकतम संख्या र आवश्यक न्युनतम शैक्षिक योग्यताः**

**क) एम. एस्सी. पशु विज्ञान :**

| **क्र.सं.** | **विषय** | **संख्या** |
|---|---|---|
| १. | पशु उत्पादन तथा व्यबस्थापन | ९ |
| २. | पशु प्रजनन् | ६ |
| ३. | पशु पोषण तथा चारा उत्पादन | ३ |
| ४. | एनिमल वायोटेक्नोलोजी | ३ (Center for Biotechnology अन्तर्गत संचालन हुने) |

**आवश्यक न्युनतम शैक्षिक योग्यता (एनिमल साइन्स)**ः वि.एस्सी.(कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच कम्तिमा दोस्रो श्रेणीमा वा सो सरहको ग्रेड ल्याई उत्तिर्ण भएको ।

**ख) एम.भि.एस्सी :**

| **क्र.सं.** | **विषय** | **संख्या** |
|---|---|---|
| १. | मेडिसिनः | ९ |
| २. | माइक्रोवायोलोजी | ६ |
| ३. | सर्जरी | ३ |
| ४. | थेरियोजेनोलोजी | ६ |
| ५. | प्याथोलोजी | ३ |
| ६. | भेट् वायोटेक्नोलोजी | ३ (Center for Biotechnology अन्तर्गत संचालन हुने) |

| | | |
|---|---|---|
| ७. | एनाटोमी | ३ |
| ८. | फिजियोलोजी | ३ |

**आवश्यक न्युनतम शैक्षिक योग्यताः** वि.भि.एस्सी. एण्ड ए.एच वा सो सरह कम्तीमा दोस्रो श्रेणीमा वा सो सरहको ग्रेड ल्याई उत्तीर्ण भएको ।

**ग) एम. एस्सी. फिसरिज**

| क्र.सं. | विषय | संख्या |
|---|---|---|
| १. | एक्वेटिक रिसोर्स | ३ |
| २. | एक्वाकल्चर | ६ |

**आवश्यक न्युनतम शैक्षिक योग्यताः** वि.एस्सी. फिसरिज वा वि.एस्सी.(कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी एण्ड ए.एच. वा एम. एस्सी. (Zoology) मा ऐच्छिक Fisheries विषयमा कम्तीमा दोस्रो श्रेणीमा वा सो सरहको ग्रेड ल्याई उत्तीर्ण भएको ।

**२. आवेदन फारम वितरण :**

२०७९ फागुन १४ देखि ३० गते सम्म सम्वन्धित डीनको कार्यालयबाट वितरण गरिनुको साथै आवेदन फारम यस विश्वविद्यालयको **website: www.afu.edu.np** बाट समेत **download** गर्न सकिनेछ ।

**३. आवेदन फारम बुझाउने अवधिः**

२०७९ फागुन १४ देखि ३० गते सम्म कार्यालय समय भित्र पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

**४. आवेदन फारम र प्रवेश परिक्षा शूल्कः**

आवेदन फारम शुल्क रु.५००। र प्रवेश परीक्षा शुल्क रु.३०००। लाग्नेछ । अलग अलग कार्यक्रममा प्रवेश परीक्षामा सहभागी हुन इच्छुक परीक्षार्थीहरुले अलग अलग आवेदन फारम र परीक्षा शुल्क तिरेर अलग फारम भर्नु पर्नेछ । आवेदन फारम र प्रवेश परीक्षा वापतको शुल्क फारम दर्ता गराउने समयमा बुझाउनुपर्नेछ । आबेदन दिन चाहने विद्यार्थीहरुले यस संकायको ने.बै.लि नारायणगढ शाखाको च.हि.नं. 024001005509750000001 को सक्कल भौचर वा यस संकायको लेखा शाखामा नगदी रसिद काटी आवेदनका साथ संलग्न गर्नुपर्नेछ ।

**५. प्रवेश परीक्षा हुने मिति समय र स्थानः**

| | | |
|---|---|---|
| १. | एम.भि.एस्सी | २०७९ चैत ४ गते विहान ११:०० बजे । |
| २. | एम.एस्सी पशु विज्ञान | २०७९ चैत ४ गते दिउसो १:०० बजे । |
| ३. | एम.एस्सी.मत्स्य विज्ञान | २०७९ चैत ४ गते दिउसो ३:०० बजे । |

स्थान : पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवन

**६. प्रवेश पत्र वितरण मिति समय र स्थानः** २०७९ चैत ४ गते ७:०० देखि १०:०० बजे सम्म भेटेरिनरी कक्षा भवन ।

**७. प्रवेश परीक्षा नतिजा प्रकाशनः** २०७९ चैत ४ गते

**८. भर्नाको नामावली प्रकाशन मितिः** २०७९ चैत ४ गते

**९. भर्ना सम्बन्धी कार्यक्रमः** २०७९ चैत ८ गते

**१०. पढाई सुरु मितिः** २०७९ चैत १० गते

**११. भर्नाको आधारः**

प्रवेश परीक्षाको प्राप्ताङ्कलाई शत प्रतिशत भार दिई तयार पारिएको Merit List अनुसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षामा १०० प्रश्नहरु हुनेछन् जसको लागि ८० मिनेट समय दिइनेछ । सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्क ५० प्रतिशत कायम गरिएको छ । प्राप्ताङ्क बराबर भएको खण्डमा स्नातक तह प्रतिशत/CGPA, सो पनि बराबर भए क्रमशः **+2, SEE/SLC** को **Grade/**प्रतिशतलाई आधार मानि Merit List कायम गरिनेछ ।

**१२. प्रवेश परीक्षाको प्रश्न भारः**

**एम.भि.एस्सी. तहका लागि-१००**

Medicine & Public Health-13, Theriogenology-8, Pathology-8, Parasitology-8, Pharmacology-8 Microbiology-8, Physiology-8, Surgery-8, Animal Science, (LPM, ANU, ANB)-12, Basic Science (Biochemistry +Statistics)-8, Anatomy- 8, General Knowledge- 3.

**एम.एस्सी.पशु विज्ञान तहका लागि-१००**

Animal Nutrition, fodder, Pasture, Range -20, LPM/Dairy-20, Animal Breeding & Biotecnology-20 Aquaculture-6, Social Sciences (Agri. Economics+ Agri. Extension)-15, Basic Sciences (Biochemistry +Statistics)-10, General Knowledge-5, Animal Health-4

**एम.एस्सी.फिसरिज (एक्वाकल्चर) तहका लागि -१००**

Fisheries and aquaculture (Aquaculture-40, Aquatic Resource Management-25, Fish Post harvest Technology-10) -75, Plant Science-5, Animal Science-5, Animal Health-3, Social Sciences (Agri. Economics+ Agri. Extension)-5, Basic Science (Biochemistry +Statistics)-5, General Knowledge-2

**१३. आवेदन फारमा बुझाउँदा निम्न लिखित कागजपत्रहरु क्रमबद्ध रुपमा राखि बुझाउनु पर्नेछ ।**

क) हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३(तीन) प्रति
ख) नगद रसिद वा सक्कल बैंक भौचर
ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
घ) एस.ई.ई/एस.एल. सी. परिक्षाको लब्धाङ्क पत्रको प्रतिलिपि
ङ) प्रमाणपत्र तहको परिक्षाको लब्धाङ्क पत्रको प्रतिलिपि
च) स्नातक तहको लब्धाङ्क पत्रको प्रतिलिपि
छ) स्नातक तहका चारित्रक प्रमाण पत्रको प्रतिलिपि
ज) स्नातक तहको अस्थाई (Provisional) प्रमाण पत्रको प्रतिलिपि
(कृषि तथा बन विज्ञान विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेकालाई मात्र लागु हुने)
झ) समानस्तर निर्धारणको प्रमाणपत्र
(नेपालका सरकारी विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेकालाई मात्र लागु हुने)

**१४.** भर्ना हुन आउदा आवेदन फारमा संलग्न सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको सक्कल प्रति अनिवार्य रुपमा लिएर आउनु पर्नेछ । साथै भर्ना भएको विषय परिवर्तन हुने छैन ।

**१५.** कुनै विषयमा दुई जना भन्दा कम विद्यार्थी भर्ना भएमा सो विषयको अध्यापन गरिने छैन ।

१६. अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेका र **AFU** बाट उत्तिर्ण भई **Migration Certificate** निकाली सकेका विद्यार्थीहरुले भर्ना भै **AFU** मा नाम दर्ता गर्ने समयमा **Migration Certificate** को सक्कलै प्रति पेश गर्नुपर्नेछ ।

१७. माथि उल्लेखित संख्यामा सरकारी निकायबाट MOU बमोजिम मनोनयन भई आउने विद्यार्थीहरुको संख्या समावेश गरिएको छैन । यसरी आउने विद्यार्थीहरु सम्बन्धित विषयमा स्नातक परीक्षा कम्तीमा द्वितिय श्रेणीमा पास गरेको हुनुपर्नेछ ।

१८. **अध्ययन शुल्क :**

**M.V.Sc, M.Sc. An.Sc र M.Sc. Fisheries**

Competitive Subsidized Fee (NRs.)

Admission Fee: 17,325 / (Onetime Payment)

Semester Fee: 8,250/ per semester

Tuition Fee: 1,815/per credit (45 credit)

Total fee with minimum required credit hours: Nrs. 1,32,000/-

Competitive Full Pay Fee (NRs.)

Admission Fee: 34,650 / (Onetime Payment)

Semester Fee: 16,500/ per semester

Tuition Fee: 3,630/per credit (45 credit)

Total fee with minimum required credit hours: Nrs. 2,64,000/-

**Vet/Animal Biotechnology**

Competitive Subsidized Fee (NRs.)

Admission Fee: 26700/ (Onetime Payment)

Semester Fee: 10,725/ per semester

Tuition Fee: 2,120/per credit (45 credit)

Total fee with minimum required credit hours: Nrs. 165,000/-

Competitive Full Pay Fee (NRs.)

Admission Fee: 53,400 / (Onetime Payment)

Semester Fee: 21,450/ per semester

Tuition Fee: 4,240/per credit (45 credit)

Total fee with minimum required credit hours: Nrs. 3,30,000/-

नोटः

- अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेका र **AFU** बाट उत्तिर्ण भई **Migration Certificate** निकाली सकेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय दर्ता शुल्क वापत थप रु १,०००।- तिर्नु पर्ने छ ।
- माथि उल्लेखित शुल्कमा सेमेष्टर परिक्षाको परीक्षा शूल्क समावेश गरिएको छैन ।
  हरेक विषयमा Competitive Subsidized शुल्कमा भर्ना हुन सक्ने विद्यार्थी संख्या २ कायम गरिएको छ ।
- सरकारी निकायमा कार्यरत रहेको विद्यार्थीहरुले संलग्न संस्थाबाट रितपुर्वक बिदा लिई सहमती पत्र ल्याउनु पर्नेछ।

..................................
प्रा.डा. होम बहादुर बस्नेत
डीन